# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) विराटनगर, नेपाल, श्रावण १३ गते, २०८१ साल (संख्या ३

## भाग २

प्रदेश सरकार

कोशी प्रदेश

विराटनगर, नेपाल

## पर्यटन वन तथा वातावरण मन्त्रालयको सूचना

### केचना-कञ्चनजंघा पर्यटन विकास समिति (गठन) आदेश, २०८१

विकास समिति ऐन, २०१३ को दफा ३क. ले दिएको अधिकार प्रयोग गरी कोशी प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस आदेशको नाम **"केचना-कञ्चनजंघा पर्यटन विकास समिति (गठन) आदेश, २०८१"** रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) **"अध्यक्ष"** भन्नाले समितिको अध्यक्षलाई सम्झनु पर्छ।

(ख) **"ऐन"** भन्नाले विकास समिति ऐन, २०१३ लाई सम्झनु पर्छ।

(ग) **"कार्यकारी निर्देशक"** भन्नाले दफा ८ बमोजिमको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(घ) **"तोकिएको"** वा **"तोकिए बमोजिम"** भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) **"पर्यटन क्षेत्र"** भन्नाले केचनादेखि कञ्चनजंघा हिमालसम्म पर्ने झापा, इलाम, पाँचथर र ताप्लेजुङ

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

जिल्लाभित्रको क्षेत्रमध्ये नेपाल सरकार तथा प्रदेश सरकारले समय समयमा तोकेका पर्यटन क्षेत्र सम्झनु पर्छ।

(च) **"प्रदेश"** भन्नाले कोशी प्रदेशलाई सम्झनु पर्छ।

(छ) **"मन्त्रालय"** भन्नाले प्रदेशको पर्यटन सम्बन्धी विषय हेर्ने मन्त्रालयलाई सम्झनु पर्छ।

(ज) **"सदस्य"** भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष र समितिको सदस्य-सचिवलाई समेत जनाउँछ।

(झ) **"समिति"** भन्नाले दफा ३ बमोजिम गठित केचना-कञ्चनजंघा पर्यटन विकास समिति सम्झनु पर्छ।

३. <u>समितिको गठनः</u> (१) पर्यटन क्षेत्रको विकास, संरक्षण तथा संबर्द्धन गर्न केचना-कञ्चनजंघा पर्यटन विकास समिति नामको एक समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन:-

(क) पर्यटन विकासमा योगदान पुऱ्याएको पर्यटन क्षेत्रमा स्थायी बसोवास गरेका व्यक्तिमध्येवाट प्रदेश सरकार मन्त्रीपरिषद्ले नियुक्त गरेको व्यक्ति - अध्यक्ष

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ख) पर्यटन क्षेत्रका जिल्ला समन्वय समितिका प्रमुख, नगर कार्यपालिकाका प्रमुख र गाउँ कार्यपालिकाका अध्यक्षको प्रतिनिधित्व हुने गरी झापा, इलाम, पाँचथर र ताप्लेजुङ जिल्लाका एक एक जनाको दरले मन्त्रालयले तोकेका चार जना - सदस्य

(ग) झापा, इलाम, पाँचथर र ताप्लेजुङ जिल्लाका जिल्ला उद्योग वाणिज्य संघ तथा पर्यटन व्यवसायीको प्रतिनिधित्व हुने गरी कम्तीमा एकजना महिला सहित मन्त्रालयले नियुक्त गरेका तीनजना - सदस्य

(घ) कार्यकारी निर्देशक - सदस्य-सचिव

(३) अध्यक्ष र उपदफा (२) को खण्ड (ग) बमोजिम नियुक्त भएका सदस्यको पदावधि चार बर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष वा उपदफा (२) को खण्ड (ग) बमोजिम नियुक्त भएका सदस्यको कार्यसम्पादन सन्तोषजनक नभएमा वा इमान्दारीतापूर्वक पदीय दायित्व पालना नगरेमा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अध्यक्षलाई प्रदेश सरकार, मन्त्रिपरिषद्ले र उपदफा (२) को खण्ड (ग) बमोजिम नियुक्त भएका सदस्यलाई मन्त्रालयले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम अध्यक्ष वा सदस्यलाई पदबाट हटाउनुअघि निजलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(६) उपदफा (२) को खण्ड (ख) बमोजिम तोकिएका सदस्यको पदावधि दुई बर्षको हुनेछ ।

(७) उपदफा (६) बमोजिमको पदावधि समाप्त भएका पदमा मन्त्रालयले पुनः नदोहोरिने गरी अन्य सदस्य तोक्नेछ ।

४. <u>सदस्यको योग्यता र अयोग्यताः</u> (१) देहाय बमोजिमको योग्यता पुगेको व्यक्ति अध्यक्ष वा दफा ३ को उपदफा (२) को खण्ड (ग) बमोजिमको सदस्य पदको लागि योग्य मानिनेछः-

(क) कम्तीमा पैतीस बर्ष उमेर पूरा भई पर्यटन क्षेत्रमा कम्तीमा पाँच बर्षको अनुभव भएको नेपाली नागरिक,

(ख) कुनै पनि विषयमा कम्तीमा स्नातक उपाधी हासिल गरेको,

(ग) प्रचलित कानून बमोजिम अयोग्य नभएको ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(२) देहायको व्यक्ति अध्यक्ष वा दफा ३ को उपदफा (२) को खण्ड (ग) बमोजिमको सदस्य पदमा नियुक्ति हुन वा त्यस्तो पदमा बहाल रहन योग्य हुने छैनः-

(क) दफा ४ को उपदफा (१) बमोजिम योग्यता नभएको,

(ख) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचविखन तथा ओसार पसार, लागू औषध बिक्री वितरण तथा ओसार पसार, सम्पत्ति शुद्धीकरण, वन्यजन्तुको ओसार पसार, संगठित अपराध, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएको,

(ग) प्रचलित कानून बमोजिम कालो सूचीमा परेको,

(घ) दामासाहीमा परेको,

(ङ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको ।

स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि **"स्थायी आवासीय अनुमति"** भन्नाले विदेशी मुलुकको कुनै शर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

रुपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभरसिटी इमिग्रेन्ट भिसा (डि.भि.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ ।

५. <u>पदमुक्त हुने अवस्था</u>: (१) देहायको अवस्थामा अध्यक्ष वा दफा ३ को उपदफा (२) को खण्ड (ग) बमोजिमको सदस्यको पद रिक्त हुनेछः-

(क) आफ्नो पदबाट राजीनामा दिएमा,

(ख) दफा ३ को उपदफा (३) बमोजिम पदावधि पूरा भएमा,

(ग) दफा ३ को उपदफा (४) बमोजिम पदबाट हटाइएमा,

(घ) दफा ४ को उपदफा (२) को खण्ड (ख), (ग), (घ) वा (ङ) बमोजिमको अवस्था भएमा,

(ङ) मृत्यू भएमा ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(२) यस दफा बमोजिम अध्यक्ष तथा सदस्यको पद रिक्त भएमा यस आदेश बमोजिम अध्यक्ष र सदस्य नियुक्त गर्न सकिनेछ ।

६. <u>समितिको काम, कर्तव्य र अधिकारः</u> समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) नेपाल सरकार तथा प्रदेश सरकारले समय समयमा तोकेका पर्यटन क्षेत्रभित्रका पर्यटकीय स्थलको विकास, संरक्षण तथा संवर्द्धन गर्ने,

(ख) पर्यटन क्षेत्रको बारेमा अध्ययन तथा अनुसन्धान गर्ने, गराउने,

(ग) पर्यटन क्षेत्रको विकास, संरक्षण, संवर्द्धन र व्यवस्थापनका लागि दीर्घकालीन र अल्पकालीन नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने,

(घ) पर्यटन क्षेत्रको साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरुको विवरण संकलन गर्ने,

(ङ) पर्यटन क्षेत्रको सञ्चालनका लागि स्रोत व्यवस्थापनको दिगो उपाय अवलम्बन गरी कार्यान्वयन गर्ने, गराउने,

(च) पर्यटन क्षेत्रमा स्वास्थ्य, कृषि, खेलकुद, मनोरञ्जनात्मक, धार्मिक तथा साँस्कृतिक,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

साहसिक पर्यटन जस्ता पर्यटकीय गतिविधिहरुको विविधिकरण र विकास गर्ने,

(छ) पर्यटन क्षेत्रको संरक्षण र उपयोगका सम्बन्धमा प्रदेश सरकारलाई आवश्यक सल्लाह र सुझाव दिने,

(ज) पर्यटन क्षेत्रको विकास तथा विस्तारको लागि मन्त्रालय मार्फत नेपाल सरकार तथा स्थानीय तहसँग सहकार्य गर्ने,

(झ) समितिको बार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ञ) राष्ट्रिय वन क्षेत्र तथा संरक्षण क्षेत्रमा कुनै क्रियाकलाप गर्नु परेमा सम्वद्ध वन कार्यालय र संरक्षण क्षेत्रको कार्यालयसँग समन्वय गर्ने,

(ट) पर्यटन क्षेत्रको व्यवस्थापनको सम्बन्धमा प्रदेश सरकार तथा मन्त्रालयले दिएको निर्देशन कार्यान्वयन गर्ने, गराउने ।

७. <u>**समितिको वैठक सम्वन्धी कार्यविधि:**</u> (१) समितिको बैठक प्रत्येक चार महिनामा कम्तीमा एक पटक वा आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(३) समितिको सदस्य सचिवले बैठक बस्नु भन्दा कम्तीमा अठ्चालीस घण्टा अगाडी कार्यसूची सहित बैठक बस्ने सुचना सदस्यलाई दिनु पर्नेछ ।

(४) समितिको वैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यमध्येका जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(५) समितिको कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिले आवश्यकता अनुसार पर्यटन क्षेत्रमा रहेका जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा सम्बन्धित विषयका विशेषज्ञलाई समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको बैठकको निणर्य अध्यक्ष र समितिको सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(९) सदस्यले बैठकमा भाग लिए वापत सार्वजनिक खर्चको मापदण्ड सम्बन्धी प्रदेशको प्रचलित कानून बमोजिम बैठक भत्ता तथा अन्य सुविधा पाउनेछ ।

(१०) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

८. <u>कार्यकारी निर्देशकः</u> (१) समितिको प्रशासकीय प्रमुखको रुपमा काम गर्न एकजना कार्यकारी निर्देशक रहनेछ ।

(२) उपदफा (१) बमोजिम कार्यकारी निर्देशकको पदका लागि मन्त्रालयले कम्तिमा पन्ध्र दिनको सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूचनाका आधारमा देहाय बमोजिमको योग्यता पुगेको व्यक्तिले कार्यकारी निर्देशकको पदमा नियुक्तिका लागि निवेदन दिन सक्नेछः-

(क) पैतीस वर्ष उमेर पूरा भई साठी वर्ष उमेर ननाघेको,

(ख) पर्यटन, कृषि, इन्जिनियरिङ्ग, विज्ञान व्यवस्थापन, अर्थशास्त्र, जनप्रशासन, समाजशास्त्र वा कानून विषयमा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक उपाधि हासिल गरेको र पर्यटन सम्वन्धी क्षेत्रमा दश बर्षको कार्य अनुभव हासिल गरेको,

(ग) प्रचलित कानून बमोजिम अयोग्य नरहेको ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ४ को उपदफा (२) को खण्ड (ख), (ग), (घ) वा (ङ) बमोजिमको अवस्थामा रहेको व्यक्ति कार्यकारी

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

निर्देशक पदमा नियुक्त हुन वा सो पदमा बहाल रहन योग्य हुने छैन ।

(५) उपदफा (३) बमोजिम प्राप्त हुन आएका दरखास्त दिने उम्मेदवारलाई छनौट गरी प्रदेश सरकार समक्ष सिफारिस गर्न देहाय बमोजिमको एक छनौट समिति रहनेछः-

(क) प्रमुख सचिवले तोकेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव -संयोजक

(ख) आन्तरिक मामिला तथा कानून मन्त्रालयको सचिव -सदस्य

(ग) मन्त्रालयको सचिव -सदस्य सचिव

(६) उपदफा (५) बमोजिम छनौट समितिले सिफारिस गर्ने मापदण्ड आफै निर्धारण गर्नेछ।

(७) उपदफा (५) बमोजिमको छनौट समितिले गरेको सिफारिसका आधारमा प्रदेश सरकारले कार्यकारी निर्देशकको नियुक्ति गर्नेछ ।

(८) उपदफा (७) बमोजिम नियुक्त भएको कार्यकारी निर्देशकको पदावधि चार बर्षको हुनेछ र निजलाई एक पटकका लागि पुनः नियुक्ति गर्न सकिनेछ ।

(९) उपदफा (८) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा कार्यकारी निर्देशकलाई प्रदेश सरकारले पदावधि समाप्त नहुँदै पदबाट हटाउन सक्नेछः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(क) इमानदारीपूर्वक पदीय जिम्मेवारी पूरा नगरेमा,

(ख) समितिको हित विपरीत वा समितिलाई हानी नोक्सानी हुने कुनै काम कारबाही गरेमा,

(ग) पद अनुसारको आचरण नगरेमा वा खराब आचरण देखिएमा,

(घ) कार्यक्षमताको अभाव देखिएमा ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन।

(१०) देहायको अवस्थामा कार्यकारी निर्देशकको पद रिक्त हुनेछः-

(क) अध्यक्ष समक्ष लिखित राजिनामा दिएमा,

(ख) उपदफा (८) बमोजिम पदावधि पूरा भएमा,

(ग) पैसठ्ठी बर्ष उमेर पूरा भएमा,

(घ) उपदफा (४) बमोजिम अयोग्य भएमा,

(ङ) उपदफा (९) बमोजिम पदबाट हटाइएमा,

(च) निजको मृत्यू भएमा ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(११) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाका अन्य शर्त र सुविधा प्रदेश सरकारको अधिकृतस्तर नवौं तहको अधिकृत वा सो सरहको हुनेछ ।

(१२) यो गठन आदेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (७) बमोजिम कार्यकारी निर्देशक नियुक्ति नभएसम्मको लागि प्रदेश सरकारले कम्तीमा अधिकृतस्तर नवौं तह वा सो सरहको अधिकृतलाई कार्यकारी निर्देशकको रुपमा काम गर्ने गरी खटाउन सक्नेछ ।

तर यो गठन आदेश जारी हुनुअघि नेपाल सरकारबाट नियुक्त भएको कार्यकारी निर्देशकलाई नियुक्ति हुँदाका बखत तोकिएको अवधि पूरा नभए सम्मको लागि निरन्तरता दिन बाधा पर्ने छैन ।

९. <u>कार्यकारी निर्देशकको काम, कर्तब्य र अधिकारः</u> कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको योजना, बार्षिक कार्यक्रम तथा बजेट तयार गरी समिति समक्ष पेश गर्ने,

(ख) पर्यटन क्षेत्रलाई आकर्षक पर्यटकीय गन्तब्यको रुपमा विकास गर्न पर्यटन क्षेत्रको संरक्षण र संवर्द्धनका लागि योजना तर्जुमा गरी समिति समक्ष पेश गर्ने र समितिबाट स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने, गराउने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ग) समितिको चल अचल सम्पत्तिको संरक्षण गर्ने, गराउने र सोको अभिलेख अद्यावधिक गरी राख्ने,

(घ) समितिको बैठकबाट भएका निर्णयको कार्यान्वयन गर्ने, गराउने,

(ङ) समितिको प्रशासनिक तथा आर्थिक काम कारबाहीको नियन्त्रण तथा अनुगमन गर्ने,

(च) समितिको आन्तरिक तथा अन्तिम लेखा परीक्षण गर्ने, गराउने,

(छ) समितिबाट सञ्चालित योजना तथा कार्यक्रमको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने,

(ज) समितिको बार्षिक प्रगति विवरण तयार गरी समिति तथा मन्त्रालय समक्ष पेश गर्ने,

(झ) प्रदेश सरकार तथा मन्त्रालयले तोके बमोजिमका अन्य काम गर्ने, गराउने ।

१०. <u>कार्यसम्पादन करार गर्नुपर्नेः</u> (१) कार्यकारी निर्देशकले आफू नियुक्ति भएको मितिले तीस दिनभित्र अध्यक्ष समक्ष कार्यसम्पादन करार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यसम्पादन करारमा देहायका विषय उल्लेख गर्नु पर्नेछः-

(क) कार्यकारी निर्देशकले गर्नु पर्ने कार्यको विवरण,

(ख) निजले पेश गरेको व्यवसायिक योजनाको विवरण, पर्यटन क्षेत्रको

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

सुधारका लागि कार्यान्वयन गरिने योजना, रणनीति र कार्यक्रम तथा त्यसको कार्यान्वयन तालिका,

(ग) खण्ड (क) वा (ख) बमोजिम निजले कार्यसम्पादन गर्दा देखिने वा प्राप्त हुने अपेक्षित प्रतिफल वा उपलब्धीको विवरण,

(घ) खण्ड (ग) बमोजिमको प्रतिफल वा उपलब्धी मापन गर्न सकिने सूचक र त्यसको मूल्याङ्कनको संयन्त्र,

(ङ) तोकिए बमोजिमका अन्य विषय ।

(३) उपदफा (१) बमोजिमको कार्यसम्पादन करार अनुसार कार्यसम्पादन भए नभएको विषयमा मन्त्रालयले प्रत्येक बर्षको भदौ महिनाभित्र मूल्याङ्कन गरी सोको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम मूल्याङ्कन गर्दा कार्यसम्पादनस्तर साठी प्रतिशतभन्दा कम भएमा दफा ८ को उपदफा (९) को खण्ड (घ) को प्रयोजनको लागि निजको कार्यक्षमता अभाव भएको मानिनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

११. <u>कर्मचारी सम्बन्धी व्यवस्थाः</u> (१) समितिको कार्य सम्पादनका लागि समितिमा प्रशासन सेवा र प्राविधिक सेवाका पदहरु रहनेछन्।

(२) उपदफा (१) बमोजिमका पदहरु रहने गरी समितिले दरबन्दी संरचना तयार गरी मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मन्त्रालयमा पेश भएको दरबन्दी संरचना स्वीकृतिका लागि मन्त्रालयले आर्थिक मामिला तथा योजना हेर्ने मन्त्रालयको सहमति लिई प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम मन्त्रालयबाट पेश भएको दरबन्दी संरचना प्रदेश सरकारले स्वीकृत गर्नेछ र स्वीकृत भएको पदहरुमा समितिले प्रदेश लोक सेवा आयोगबाट स्वीकृत भएका सिद्धान्त र तरिका अनुसार प्रतिस्पर्धाको आधारमा तोकिए बमोजिम कर्मचारी नियुक्ती गर्नेछ ।

(५) उपदफा (४) बमोजिम कर्मचारीको छनौटका लागि समितिले लिने परीक्षाका सम्बन्धमा समितिले प्रदेश लोक सेवा आयोगसँग समन्वय गर्न सक्नेछ ।

(६) समितिका कर्मचारीहरुको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि समितिले कर्मचारी व्यवस्थापन नगर्दासम्म

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अनुसूची-१ मा उल्लेख भए बमोजिमका पदहरुमा आवश्यकताका आधारमा कर्मचारी खटाउन सक्नेछ ।

१२. <u>समितिको कोषः</u> (१) समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायको रकम रहनेछः-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त रकम,

(ख) स्वदेशी व्यक्ति, संघ वा निकायबाट सहयोग स्वरुप प्राप्त रकम,

(ग) अन्तर्राष्ट्रिय संघ वा संस्थाबाट अनुदान स्वरुप प्राप्त रकम,

(घ) समितिले उपलब्ध गराएको सेवा वापत प्राप्त रकम, वा

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नुअघि समितिले मन्त्रालय मार्फत नेपाल सरकारको अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(३) समितिको कोषमा रहने रकम समितिले तोकेको बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिमको "क" वा "ख" वर्गको इजाजतपत्र प्राप्त कुनै वाणिज्य बैंकमा खाता खोली समितिको नाममा जम्मा गर्नु पर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(४) समितिको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ।

(५) समितिको लेखा कार्यकारी निर्देशक र लेखा प्रमुखको संयुक्त हस्ताक्षरबाट सञ्चालन गरिनेछ ।

(६) समितिको कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१३. <u>लेखा र लेखापरीक्षणः</u> (१) समितिको आय-व्ययको लेखा प्रदेश सरकारले अपनाएको लेखा प्रणाली अनुरुपको ढाँचामा राख्नु पर्नेछ ।

(२) समितिले प्रदेश सरकारले अपनाए बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ ।

(३) समितिको आन्तरिक लेखापरीक्षण समितिले तोकेको लेखापरीक्षकबाट हुनेछ ।

(४) समितिको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(५) मन्त्रालयले समितिको आय-व्ययको लेखा, तत् सम्बन्धी कागजात र नगदी वा जिन्सीको विवरण जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१४. <u>उपसमिति वा कार्यदल गठन गर्न सक्नेः</u> (१) समितिले ऐन वा यो आदेश बमोजिम आफूले गर्नुपर्ने काम सुचारु रुपले गर्न गराउनको लागि आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्यदलको कार्यक्षेत्रगत शर्त तथा कार्यविधि त्यस्तो उपसमिति वा कार्यदल गठन गर्दाको बखत समितिले तोकिदिए बमोजिम हुनेछ।

(३) उपसमिति वा कार्यदलका सदस्यले बैठकमा भाग लिए वापत पाउने बैठक भत्ता तथा अन्य सुविधा प्रदेश सरकारले तोकेको मापदण्डका आधारमा हुनेछ ।

१५. <u>सल्लाहकार नियुक्ति गर्न सक्नेः</u> (१) समितिले पर्यटन विकासको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका तथा नेपाली समाज र संस्कृतिको अध्ययन अनुसन्धानमा संलग्न भएका नेपाली नागरिकमध्येबाट समितिको काममा सहयोग प्राप्त गर्न आवश्यक संख्यामा सल्लाहकार नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त सल्लाहकारले कुनै पारिश्रमिक पाउने छैन ।

(३) उपदफा (१) बमोजिम नियुक्त हुने सल्लाहकारको कार्यक्षेत्रगत शर्त समितिले तोकिदिए बमोजिम हुनेछ ।

१६. <u>अधिकार प्रत्यायोजनः</u> (१) समितिले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार अध्यक्ष, सदस्य, कार्यकारी निर्देशक, दफा १४ बमोजिम गठन हुने उपसमिति वा कार्यदल वा समितिको कुनै अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(२) कार्यकारी निर्देशकले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार समितिका अधिकृतस्तरका कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

१७. <u>प्रतिवेदन पेश गर्नुपर्नेः</u> (१) समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र आफूले सम्पादन गरेको कामको प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायको विवरण उल्लेख गर्नु पर्नेछः-

(क) समितिबाट एक आर्थिक बर्षभित्र सम्पादन भएका कामको संक्षिप्त विवरण,

(ख) नीति, योजना र कार्यक्रमको कार्यान्वयनको स्थिति र उपलब्धी

(ग) आम्दानी र खर्च,

(घ) लेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित संक्षिप्त व्यहोरा,

(ङ) काम कारबाही गर्दा देखिएका मुख्य मुख्य समस्या तथा त्यस्ता समस्या समाधानको लागि गरिएका प्रयास,

(च) आगामी योजना तथा कार्यक्रम,

(छ) तोकिए बमोजिमको अन्य विवरण ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन मन्त्रालय वा मन्त्रालयको निर्देशन बमोजिम समितिले सार्वजनिक गर्नु पर्नेछ ।

१८. <u>निर्देशन दिन सक्नेः</u> (१) मन्त्रालयले समितिद्वारा गरिने काम कारबाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु समितिको कर्तब्य हुनेछ ।

१९. <u>प्रदेश सरकारसँग सम्पर्क गर्नुपर्नेः</u> समिति तथा कार्यकारी निर्देशकले आफ्नो काम कारबाहीको सिलसिलामा प्रदेश सरकारसँग सम्पर्क राख्नुपर्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

२०. <u>समितिको कार्यालयः</u> समितिको मुख्य कार्यालय पाँचथर जिल्लाको सदरमुकाममा रहनेछ र आवश्यकता अनुसार अन्य स्थानमा पनि सम्पर्क कार्यालय स्थापना गर्न सकिनेछ ।

२१. <u>समितिको विघटनः</u> (१) समितिको उद्देश्य पूरा भएमा समिति स्वतः विघटन हुनेछ ।

(२) समितिले अपेक्षित उपलब्धी हाँसिल गर्न नसकेमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी जुनसुकै बखत समिति विघटन गर्न सक्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(३) यस दफा बमोजिम समिति विघटन भएमा समितिसँग लिएका सबै दायित्वहरु प्रदेश सरकारसँग लिएको मानिनेछ र समितिको जायजेथा प्रदेश सरकारको हुनेछ ।

२२. <u>नियम वनाउन सक्नेः</u> (१) यो आदेशको कार्यान्वयन गर्न समितिले यो आदेशको प्रतिकूल नहुने गरी आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनेको नियम मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ।

२३. <u>संशोधनः</u> आदेशमा प्रदेश सरकार मन्त्रीपरिषद्ले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

२४. <u>जायजेथाको हस्तान्तरणः</u> (१) यो आदेश जारी हुनुअघि नेपाल सरकारको गठन आदेश बमोजिम गठन भई प्रदेश सरकारलाई हस्तान्तरण भएको केचना-कञ्चनजंघा पर्यटन विकास समितिले मन्त्रालयलाई बुझाएको सम्पूर्ण जायजेथा यो आदेश बमोजिम गठित समितिमा हस्तान्तरण भएको मानिनेछ।

(२) यो आदेश जारी हुनुअघि उपदफा (१) बमोजिमको समितिमा रहेका कार्यकारी निर्देशक र समितिले सेवा करारमा लिई समितिमा कार्यरत रहेका कर्मचारीहरु स्वतः पदमुक्त हुनेछन् ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

तर, निजहरुललाई आदेश जारी हुनुअघि भुक्तानी दिन बाँकी तलब भत्ता भुक्तानी गर्न यो आदेशले बाधा पुगेको मानिने छैन ।

२५. <u>बचाउः</u> यो आदेश जारी हुनुअघि समितिले गरेका काम कारवाहीहरु यसै आदेश बमोजिम भएको मानिनेछ ।

**अनुसूची-१**

(दफा ११ को उपदफा (७) सँग सम्वन्धित)

**समितिमा रहने कर्मचारीहरु**

| **समितिको दरवन्दी** | | |
|---|---|---|
| **पदनाम** | **तह** | **संख्या** |
| कार्यकारी निर्देशक | नवौं | १ |
| अधिकृत (प्रशासन) | सातौं/आठौं | १ |
| सव इन्जिनियर (प्राविधिक) | छैटौं/सातौं | १ |
| सहायक (लेखा समूह) | पाँचौं | १ |
| कार्यालय सहयोगी | | १ |
| **जम्मा** | | ५ |

स्वीकृत मिति : २०८१।०३।३०

प्रकाशन मिति : २०८१।०४।१३

आज्ञाले,
विशाल घिमिरे
प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।
**website:- moial.koshi.gov.np**